नेपाल सरकार
# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

## प्रेस विज्ञप्ति

नेपाल सरकार (मन्त्रिपरिषद्) ले मिति २०७७/०४/०५ गते "प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४" लाई समसामयिक संशोधन गरी "विपद् पीडित उद्धार र राहत सम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७" स्वीकृत गरेको छ ।

उक्त स्वीकृत मापदण्डमा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन एवं खोज, उद्धार र राहतका सन्दर्भमा निम्न बमोजिम मूख्य मूख्य बुँदाहरु समावेश भएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

१. प्रमुख जिल्ला अधिकारीले पीडितहरुको खोज तथा उद्धार गर्ने कार्यको लागि न्यूनतम २५ जनाको दक्ष जनशक्ति जुनसुकै वेला परिचालन हुन सक्ने अवस्थामा राख्नुपर्ने। साथै आपत्कालिन खाद्यान्न एवं लत्ता कपडाको भण्डारणको व्यवस्था गर्नुपर्ने ।
२. जिल्ला विपद् व्यवस्थापन समितिको मातहतमा खोज तथा उद्धार सामाग्रीको भण्डारण गर्नुका साथै न्यूनतम २५ जना उद्धार कार्यमा प्रयोग गर्ने जनशक्ति व्यवस्थापन गर्नुपर्ने ।
३. विपद्को घटनामा परी कुनै परिवारमा १ जनाको मृत्यू भएमा रु. २ लाख, सोही परिवारमा अन्य व्यक्तिको पनि मृत्यु भएमा प्रति व्यक्ति थप रु. १ लाखका दरले राहत रकम उपलब्ध गराइने । राहत एकद्वार नीतिमार्फत उपलब्ध गराइने। तर एकाघरका परिवारका सबै सदस्यको मृत्यु भएमा भने राहत उपलब्ध नगराइने ।
४. विपद्बाट घर, बहाल, आवास नष्ट भएमा, खाद्यान्न बाली तथा जग्गा जमीन वा पसल व्यवसाय समेत नोक्सानी भएमा तत्काल गुजाराको लागि प्रति परिवार ५ जना सम्म सदस्य भए रु. १५ हजार र ५ जना भन्दा बढी सदस्य भएमा रु. २० हजार उपलब्ध गराउने । सम्भव भएसम्म उक्त रकम तत्काल घटनास्थलमा नै उपलब्ध गराउने ।

नेपाल सरकार

# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

नेपाल सरकार
गृह मन्त्रालय

५. विपद्का घटनामा परी खाद्यान्न तथा हाल बसोबास गरिरहेको घर पूर्ण रुपमा नष्ट भएमा वा पूर्ण रुपमा नष्ट नभएतापनि सम्भावित खतराबाट जोगिन सुरक्षित स्थानमा नयाँ घर निर्माण गर्नुपर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय गरी प्रति परिवार रु. १ लाख सम्म उपलब्ध गराउने । अर्को स्थानमा बसोबास गर्ने घर नभएको अवस्थामा मात्र यस्तो राहत प्रदान गरिने । तर मनसुनको अवधिमा बाढी, पहिरो, डुबान तथा कटान लगायतका कारणबाट घरबारविहीन भएका परिवारका लागि २०७२ सालको भूकम्प पीडितलाई प्रदान गरिएको विधि र प्रक्रियाबाट शहरी विकास मन्त्रालयले आवास निर्माण गर्ने व्यवस्था मिलाउने ।

६. राहत वितरण गर्दा तथा पीडितलाई उद्धार गर्दा संकटासन्न (Vulnerable) अवस्थामा रहेका सुत्केरी, गर्भवती महिला, बालबालिका, ज्येष्ठ नागरिक, बिरामी तथा अपांगता भएका व्यक्तिहरुको आवश्यकतालाई विशेष ध्यान दिई प्राथमिकताका आधारमा व्यवस्थापन गर्ने।

७. विपद् पीडित उद्धार तथा राहत व्यवस्थापन कार्यमा सक्रियतापूर्वक कार्य गर्ने समाजसेवी, राजनैतिक व्यक्तित्व, व्यवसायी, सामाजिक संघसंस्था एवं राष्ट्रसेवक कर्मचारीहरुको नाम सम्बन्धित प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहहरुले उचित सम्मान र पुरस्कारको लागि यस मन्त्रालयमा पठाउन सक्ने ।

2066।4।6

मितिः २०७७।०४।०७

केदारनाथ शर्मा
सहसचिव/प्रवक्ता